# महाराजगंज नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## महाराजगंज, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

प.स.०८१/८२
चलानी नं-

मिति :२०८२।०३।३०

**सूचना !!** **सूचना!!** **सूचना!!**

## सामाजिक सुरक्षा भत्ताको लागि नाम नवीकरण सम्वन्धी सूचना ।

उपर्युक्त सम्बन्धमा यस नगरपालिकावाट सामाजिक सुरक्षा भत्ता खाईपाई आएका लाभग्राहीहरुको सामाजिक सुरक्षा वितरण कार्यविधि, २०७७ को दफा ५ बमोजिम प्रत्येक आ.व.को साउन महिना देखि भदौ मसान्त भित्र सामाजिक सुरक्षा भत्ताको लागि नाम नविकरण एवं अद्यावधिक गर्नुपर्ने भएकोले तपसिल बमोजिमको कागजातहरु सहित लाभग्राही स्वयं (बालबालिका, पूर्ण अपाङ्ग र ९० वर्ष उमेर माथिको हकमा निजहरुको संरक्षक/माथवर) आ-आफ्नो वडा कार्यालयमा उपस्थित भई आ.ब. २०८२।८३ का लागि नाम नविकरणको लागि निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल:**

| क्र.सं. | सामाजिक सुरक्षाको किसिम | योग्य उमेर र अवस्था | आवश्यक कागजातहरु |
|---|---|---|---|
| १. | अन्य जेष्ठ नागरिक भत्ता | ७० वर्ष पुगेका जुनसुकै नेपाली नागरिक | सा.सु. भत्ता परिचयपत्रको प्रतिलिपि, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, हालसालै खिचेको पासपोर्ट साईजको फोटो १ प्रति, राष्ट्रिय परिचयपत्र नं.। |
| २. | जेष्ठ नागरिक दलित | ६० वर्ष पुगेका दलित नागरिक | सा.सु. भत्ता परिचयपत्रको प्रतिलिपि, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, हालसालै खिचेको पासपोर्ट साईजको फोटो १ प्रति, राष्ट्रिय परिचयपत्र नं.। |
| ३. | जेष्ठ नागरिक एकल महिला | ६० वर्ष माथिका अविवाहित, सम्बन्ध बिच्छेद र न्यायिक पृथिकिकरण गरी बसेकी महिलाहरु | सा.सु. भत्ता परिचयपत्रको प्रतिलिपि, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, अविवाहित प्रमाणपत्र, अदालतको सम्बन्ध विच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपि,न्यायिक पृथिकिकरण भएको प्रमाणपत्र, मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि,हालसालै खिचेको पासपोर्ट साईजको फोटो १ प्रति, राष्ट्रिय परिचयपत्र नं.। |
| ४. | विधवा(आर्थिक सहायता) | पतिको मृत्यु भएको जुनसुकै उमेरकी महिला | सा.सु. भत्ता परिचयपत्रको प्रतिलिपि,नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि, अर्को विवाह नगरेको प्रमाणपत्र,मृत्यु दर्ताको प्रतिलिपि, हालसालै खिचेको पासपोर्ट साईजको फोटो १ प्रति, राष्ट्रिय परिचयपत्र नं.। |
| ५. | पूर्ण अपाङ्ग (क वर्ग) | रातो कार्ड भएका जुनसुकै उमेरका व्यक्ति | सा.सु. भत्ता परिचयपत्रको प्रतिलिपि, नेपाली नागरिकता/जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,संरक्षकको नागरिकताको प्रतिलिपि,अपाङ्ता परिचयपत्रको प्रतिलिपि, हालसालै खिचेको पासपोर्ट साईजको फोटो १ प्रति। |
| ६. | अति अशक्त अपाङ्ग (आर्थिक सहायता) | निलो कार्ड भएका जुनसुकै उमेरका व्यक्ति | सा.सु. भत्ता परिचयपत्रको प्रतिलिपि, नेपाली नागरिकता/जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि,संरक्षकको नागरिकताको प्रतिलिपि (यदि संरक्षक छ भने मात्र),अपाङ्ता परिचयपत्रको प्रतिलिपि, हालसालै खिचेको पासपोर्ट साईजको फोटो १ प्रति, राष्ट्रिय परिचयपत्र नं.। |
| ७. | बालपोषण भत्ता | ५ वर्ष उमेर मुनिका एउटै आमा-बुवावाट जन्मेका २ सन्तान | सा.सु. भत्ता परिचयपत्रको प्रतिलिपि,जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि, संरक्षकको नागरिकताको प्रतिलिपि, हालसालै खिचेको पासपोर्ट साईजको फोटो १ प्रति, खोप कार्ड अनिवार्य। |
| ८ | लोपोन्मुख जाती | जुनसुकै उमेरका लोपोन्मुख जातीका नेपाली नागरिक | सा.सु. भत्ता परिचयपत्रको प्रतिलिपि, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि,जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि, हालसालै खिचेको पासपोर्ट साईजको फोटो १ प्रति, राष्ट्रिय परिचयपत्र नं.। |

दिपेन्द्र रेग्मी
प्रमुख प्रशासकीय अधिकृत



CamScanner